पोखराको लेकसाइडमा चाईनिज भाषाको कक्षा

पोखराको लेकसाइडमा चाईनिज भाषाको कक्षा सञ्चालन भइरहेको छ। १० वर्षको अनुभव प्राप्त चाईनिज शिक्षकद्वारा चाईनिज भाषाको कक्षा सञ्चालन भइरहेको हुदाँ ईच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

नोट : विशेष ट्रेकिङ्ग गाईड, अफिस म्यानेजर, प्रोजेक्टमा काम गर्ने, पर्यटन व्यवसायीहरुमा काम गर्नेहरुका साथै हङकङ,बेजिङ्ग, मकाउ अध्ययन गर्न जानका लागि अति उत्तम।

सम्पर्क: BEAUTIFUL POKHARA ADV.P.LTD.
CHINESE CULTURE CENTER, LAKESIDE-6, POKHARA
Ph:- 061-464060, 9846038382

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक २१ ○श्रेणी 'क' ○२०७२ असोज २१ गते बिहीबार ○ 8 Oct. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!

योग निद्रा सिकेर आफूलाईं रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोवाइल : ९८१६१०२२१६

नयाँ सरकार एमालेकै नेतृत्वमा–प्रचण्ड

इटहरी २० असोज ।

एमालेले कांग्रेसबिना नै बहुमतको सरकार बनाउने कसरतमा जुटिरहेका बेला एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले अहिलेको जटिल परिस्थितिमा काँग्रेसबिनाको नयाँ सरकार कल्पनासम्म गर्न नसकिने बताएका छन् । एमालेको नेतृत्वमा कांग्रेस सहितको सरकार बनाउनु पर्ने बताउँदै उनले भने, काँग्रेस बिनाको सरकार कल्पना गर्न सकिन्न, नेतृत्व एमालेको हुनुपर्छ । 'नयाँ सरकार गठन गर्न तीन पटकसम्म भद्र सहमति भएको खुलासा गर्दै प्रचण्डले भने,-'सुशील कोइरालाले संविधान जारी भएपछि आफूले छाड्ने र एमालेलाई दिने भनेर तीन पटकसम्म भन्नु भएकै हो ।' इटहरीमा हुने कार्यकर्ता प्रशिक्षणमा सहभागी हुन त्यसतर्फ जाने क्रममा बुधबार विराटनगर विमानस्थलमा प्रचण्डले भने,-'सरकारमा सबै दल आउनु पर्छ, कोही पनि बाहिर बस्नु हुन्न, अहिलेको राजनीतिक निकासका लागि पनि सर्वदलीय सरकार चाहिन्छ ।' प्रचण्डले आफ्नो पार्टीले राष्ट्रपति वा प्रधानमन्त्री कुनै पनि पदमा दाबी नगरेको बताउँदै जारी संविधानलाई जनतासम्म लगेर लागू गराउनु प्रमुख चुनौती रहेको स्पष्ट गरे । उनले अहिले भारतले गरिरहेको नाकाबन्दी अन्तर्राष्ट्रिय कानुन विपरीत भएको जनाउँदै भूपरिवेष्ठित मुलुकको पारवहन अधिकारलाई भारतले कुनैपनि हालतमा कटौती गर्न नहुने बताए । नाकाबन्दीले जनतालाई निकै कष्ट भएकोले यसलाई समाधान गर्न सरकार गम्भीर हुनुपर्ने र राजनीतिक शक्तिहरुले पनि पहल गर्नुपर्ने बताउँदै प्रचण्डले भने,-'चाडबाड नजिकिएको बेला जनतालाई कसैले पनि दुःख दिने काम गर्नुहुन्न ।' उनले मधेशी मोर्चासँको जारी वार्तालाई निश्कर्षमा पुर्‍याएर मधेशका मागको सम्बोधन हुने पनि बताए । प्रचण्डले भारतले नेपालमा लगाएको नाकाबन्दीका कारण राष्टिय सहमतिको वातावरणलाई बलियो बनाउँदै लगेको बताए । नाकाबन्दीका कारण सहमति भाँडिन खोजेको भन्ने हल्लामा सत्यता नरहेको समेत उनको भनाई थियो । नेपालमा संविधान बनेपछि भारतले नाकाबन्दी गरेर भुपरिवेष्टित मुलुकको निर्वाध पारवहन अधिकार कुण्ठित गरेकोले भारतको त्यो कदम अमिल्दो भएको उनले टिप्पणी गरे । नेपालमा केही आन्तरिक समस्या रहेको र त्यसलाई निरुपण गर्न मधेशी तथा थारु समुदायका माग सम्वोधन गर्न प्रयत्न भइरहेको बेला भारतले नकाबन्दी गर्नुभन्दा सहज वातावरण बनाउन पहल लिनु आवश्यक रहेको उनको भनाई थियो । वर्तमान सुशील कोइराला सरकारको काम कारवाहीप्रति आफुहरु असन्तुष्ट रहेको बताउँदै उनले तर, संकटको घडीमा सरकारलाई विपक्षमा रहेर पनि हरतरहले सहयोग भने गरेको बताए ।

यता, प्रधानमन्त्री सुशील कोइराला र एमाले अध्यक्ष केपी शर्मा ओलीबीचको मनमुटाव तोडिएको छ । प्रधानमन्त्री तथा कांग्रेस सभापति कोइरालाले नेकपा एमालेका अध्यक्ष ओलीलाई प्रधानमन्त्रीमा समर्थन गर्ने बताए पछि दुई नेताबीचको असमझदारी अन्त्य भएको छ । बुधबार बिहान प्रधानमन्त्रीको सरकारी निवास बालुवाटरमा भएको भेटवार्तामा प्रधानमन्त्रीले आफूबाधक नबने ओलीसमक्ष प्रतिवद्धता जनाएका छन् । 'म अहिलेको अवस्थामा कांग्रेस र एमाले मिलेर अघि बढ्नु पर्छ भन्नेमा प्रतिवद्ध छु', प्रधानमन्त्रीको भनाई उद्दृत गर्दै ओली निकट स्रोतले भन्यो,-'मेरो समर्थन तपाईलाई रहन्छ मेरो तर्फबाट तपाई अघि बढ्दा हुन्छ ।' तर, पार्टीको निर्णय भने भोलि मात्रै आउने कोइरालाले प्रष्ट पारेका छन् । करिब एक घण्टा भएको गोप्य वार्तामा अबको सरकार गठन र भावी योजनाका विषमया छलफल भएको थियो । एमाले अध्यक्ष ओलीले हिजोको सहमति अनुसार अघि बढ्नुपर्नेमा एमाले अडिक रहेको बताएका थिए । उनले हिजो आफूले गरेको सहयोग नबिर्सिन पनि प्रधानमन्त्रीलाई आग्रह गरे । नेपाली कांग्रेसमा बरिष्ठ नेता शेरबहादुर देउवा पनि आकांक्षी रहेका छन् । केही नेताहरु ओलीको विकल्प खोज्नुपर्ने अडानमा छन् ।

पोखरामा इन्धन ल्याउने ट्याङ्कर रक्सौलमै

गोल्डेन न्यूज संवाददाता
पोखरा २० असोज ।

पोखरा केहि दिन अझै तेल आउने सम्भावना केही दिन अझै न्यून बनेको छ । तेल भर्न गएका ट्रयाङकरमा मंगलबार र बुधबार पनि भरेको छैन । आन्दोलनरत दलका कार्यकर्ताले सीमामा धर्ना दिनुअघि नै इन्धन भर्न ८ वटा ट्याकंर रक्सौल पठाएकोमा सबै ट्यांकर उतै रोकिएका गगनगौंडा डिपोका प्रमुख मनोज ठाकुरले बताए । बधुबार विहानसम्म पनि ति ट्याकंरमा तेल नभरेको उनले बताए । रक्सोलबाट पोखरा आउन तीनदेखि चार दिनसम्म लाग्ने गरेको उनले बताए । अब करिब चार देखि पाचँ दिन पोखरा तेल वितरण हुने कुनै छाँटकाँट छैन । लामो समयदेखि पेट्रोलियम पदार्थको आयात बन्द भएपछि कास्कीको गगनगौंडा स्थित गगनगौंडा डिपो रित्तिएको छ । इन्डियन आयल कर्पोरिसन (आइओसी) ले पेट्रोलियम पदार्थ नदिँदा नेपाल आयल निगमको सबैजसो भण्डार रित्तिसकेका छन् । ३ लाख ५० हजार पेट्रोल र करिब २२ लाख लिटर डिजेल भण्डारण गर्न सक्ने क्षमता रहेको डिपोमा अहिले कुनै पनि पेट्रोलियम पदार्थ बाँकी छैन । हामीसँग रहेका सबै स्टक तेलहरु बितरण गरिसक्यौं, डिपोका प्रमुख मनोज ठाकुरले भने-अब खोजेर पनि पेट्रोलियम पदार्थ पाईंदैन । इन्डियन आयल कर्पोरिसनले तेल दिने कुनै संकेत नदेखाएकाले अझै केही समय तेल आउने सम्भावना नरहेको समेत उनको भनाई छ । डिपोले अन्तिम पटक आईतबार पोखराका लागि ३६/३६ हजार लिटर पेट्रोल र डिजल तथा १२ हजार लिटर बागलुङ, पर्वत र म्याग्दीका लागि बितरण गरेको थियो । ईमरजेन्सीका लागि केही लिटर पेट्रोलियम बाँकी छ, ठाकुर भन्छन्-सरकारी तथा नीजि र सार्वजनिक सवारी साधनहरुलाई बाँड्ने तेल छैन, एम्बुलेन्सका लागि भनेर राखेका हौं । गगनगौंडा डिपोले कास्की, तनहुँ, स्याङजा, पर्वत, बागलुङ, म्याग्दी लगायतका जिल्लामा पेट्रोलियम वितरण गर्दै आएको छ । यहाँबाट यस क्षेत्रमा दैनिक ८० हजार लिटर पेट्रोल र १ लाख ६० हजार लिटर डिजेल

बाँकी अन्तिम पृष्ठमा......

नेविसंघको साइकलयात्रा सम्पन्न

पोखरा २० असोज ।(गोल्डेन)

नेविसंघ कास्कीका उपाध्यक्ष विकास थापाको नेतृत्वमा असोज १५ मा शुरु भएको साईकल यात्रा पोखरामा असोज २० गते समापन भएको छ । कार्यक्रममा प्रमुख अतिथि ने.वि.संघ केन्द्रीय सदस्य सरोज के.सी.ले भारतको नाकाबन्दीसँग अव हामी नेपाली दाजुभाई नडराउने बताए । संघका निवर्तमान अध्यक्ष विद्यार्थी नेता भानु ढकाल, मदन पौडेल, नेपाली काँग्रेसका क्षेत्रीय सहसचिव कुमार सुनार, तरुण नेता डम्बर गुरुङ, सुरज राना, पृथ्वीनाराण क्याम्पसका ने.वि.संघका अध्यक्ष गोपाल गुरुङ, जनप्रिय क्याम्पसका ईकाई अध्यक्ष प्रविण पौडेल, विद्यार्थी नेता विनोद पोखेल, संघर्ष कोईराला, हेमन्त पाण्डे, नवराज पौडेल लगायतले बोलेका थिए । उक्त कार्यक्रमलाई समापन गर्दै संघका संयोजक सुभाष कोईरालाले सवै साइकल यात्रीलाई धन्यवाद व्यक्त गरे ।

कार्यक्रमको सञ्चालन नेविसंघ कास्कीका सचिव विक्रमादित्य सिंह गिरीले गरेका थिए ।

टेलर्समा लागलागी

गोल्डेन न्यूज संवाददाता
पोखरा २० असोज ।

मंगलबार राति लेखनाथ नगरपालिका वडा नं ३ को अर्घौचोकमा रहेको लेखनाथ टप टेलर्स्मा भएको आगलागीका कारण १२ लाख बराबरको क्षति पुगेको अनुमान गरिएको छ । रातिको समयमा विद्युत सट् भएर आगलागी हुदाँ उक्त पसलमा रहेका काचा कपाडा, सिलाई मेसिन र ग्राहकको कपडा सहित करिब १२ लाख रुपैयाँ बराबरको क्षसित भएको संचालक कमल परियारको दाबी रहेको छ । आगलागीबाट पसलका सम्पूर्ण समानहरु नष्ट भएकाले पसल संचालक परियारले ठूलो क्षति बेहोर्नु परेको लेखनाथ अर्घौंबजार ब्यवस्थापन समितिका अध्यक्ष शिबप्रसाद भण्डारीको भनाई रहेको छ । परियारले पसलमा आगलागी हुदाँ ६ जनाको परिवारमा आर्थिक संकट आउनुको साथै रोजीरोटीमा समेत समस्या परेको परियारकी श्रीमती मञ्जु परियारले भावविह्वल हुँदै बताईन । चार बर्ष पहिले ब्यवसायिक रुपमा पसल संचालन गर्दै आएका परियारको पसलमा आगलागी भएर पूर्णरुपले क्षति भएपछि उनको परिवारमा आर्थिक संकट उत्पन्न भएको छ ।

यसैबीच लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठी र लेखनाथ अर्घौबजार ब्यवस्थापन समितिका अध्यक्ष शिवप्रसाद भण्डारीले प्रेस विज्ञप्ति मार्फत दुःखद र पिडादायक आगलागी घटनाले आफूहरुलाई दुखित तुल्याएको भन्दै पीडितलाई उचित क्षतिपूर्तिका लागि सम्बन्धित निकायले न्यायिक छानविन गरि सहयोग गरिदिनका आग्रह गरेका छन्।

Admission open at JMC

JMC, A QAA CERTIFIED CAMPUS &
NATIONALLY AWARDED AS THE BEST COMMUNITY CAMPUS

Announces Admission in:

MBS: (Semester)	BBA	B.Sc(Microbiology)
Form Dist.: Bhadra 16 to Mangsir 8; Entrance Date: Mangsir 12, 2072 at 8.00 am	CMAT Application Form: Bhadra 16 to Kartik 30; Entrance Date: Mangsir 5, 2072 at 8.00 am	Form Dist.: Bhadra 16 to Mangsir 9; Entrance Date: Mangsir 14, 2072 11am – 1 pm
BBS (Day & Morning) 4 Years	B.A.	B.Ed.

नोट : साथै BBA को C-MAT form भर्दा कक्षा १२ को मार्कसिट बुझाउन बाँकी रहेका विद्यार्थीहरुले तुरुन्तै बुझाउन हुन सूचित गरिन्छ ।

Janapriya Multiple Campus
Janapriya Marga, Pokhara, Ph. No: 531822, 522287

वविन टेलरिङ एण्ड सर्टिङ-सुटिङ

विगत १७ वर्षदेखि म्याग्दी जिल्लाको बेनीबजारमा संचालित बबिन टेलरिङ एण्ड सर्टिङ–सुटिङको शाखा पोखराको न्यूरोडस्थित भाटभटेनी सुपर मार्केटको आडमा पनि । विभिन्न ब्राण्ड र आकर्षक डिजाइनमा सुपथ मूल्यमा सर्टिङ–सुटिङका लागि एकपटक पुग्नैपर्ने ठाउँ ।

BABIN TAILORING & Shirting Suiting
HeadOffice: Hulak Chowk, Myagdi, Beni, Tel.: 069-520760
Branch: Newroad, Pokhara, Tel.: 061-527420
Email: babiinbagdash@yahoo.com,
Web: www.babintailors.com

THE FIRST HOTEL MANAGEMENT COLLEGE OF THE COUNTRY

Admission Open for

BHM
Bachelor in Hotel Management

BBA
Bachelor in Business Administration

BBA-BI
Bachelor in Business Administration (Banking & Insurance

We, oldest college with experienced full time faculties in Pokhara, are here providing quality education.

Entrance Test:
2072 Ashwin 23
Saturday 11:00am

Nepal Tourism and Hotel Management College
Chhinedanda, Pokhara-18, Nepal
Tel: +977-61-431678, 432333, Fax: +977-61-432222

Business Management Center
Gairapatan, Pokhara-4, Tel. : +977-61-526458, 527903
E-mail: info@iefnthmc.edu.np, Website: www.iefnthmc.edu.np

अमेरिका जाने सुनौलो अवसर

EDV 2017

Photo Editing को सम्पूर्ण कार्य E-spot Nepal को Head Office Kathmandu बाट गरिने छ।

यो वर्ष गण्डकीका नेपालीहरूलाई EDV 2017 पर्ने बढि सम्भावना

किनभने १८ वर्षको अनुभव भएको हजारौं नेपालीहरूलाई Green Card दिलाउन सफल भएको

नेपालको सबै भन्दा बढि EDV पर्ने ठाउँ

E-Spot Nepal

जहाँबाट तपाईको भाग्य खुल्छ

को शाखा कार्यालय

पोखरा
सिद्धार्थ चोक, चिप्लेढुङ्गा
U.F.O. सँगै ☎ 5 39 883

मा खुलेको सहर्श जानकारी गराउन चाहन्छौं । माथि उल्लेखीत ठाउँ बाहेक गण्डकीमा हाम्रो अरू कुनै पनि शाखा नभएको जानकारी गराउन चाहन्छौं।

EDV नभरे त पर्दै पर्दैन भरे अवश्य पर्न सक्छ

■ पुरानो कोट लगाउ र नयाँ पुस्तक किन ।

- थोरो

सम्पादकीय . .

स्वाभिमान गिर्ने काम नगरौं

मुलुकको दक्षिण छिमेकी भारततिरको नाकाबाट इन्धन लगायतका अत्याश्यक सामग्रीको आपूर्ति रोकिएको महिना दिनभन्दा बढी भइसकेको छ । तराई मधेसको आन्दोलनलाई कारण देखाएर भारतले नाकाबन्दी गरेका कारण यतिवेला राजधानी काठमाडौं, पोखरा लगायत पहाडी र हिमाली क्षेत्रमा अत्यावश्यक सामग्रीको आपूर्ति ठप्प भएको छ । कतिपय हिमाली जिल्लामा त खाद्यान्न समेत तराईबाट हवाइ हजहाजमा ढुवानी गरेर लैजानु पर्ने अवस्था छ । यस्तो अवस्था मुलुकमा अझ केही दिन रहने हो भने हिमाली भेगका जनताले भोकमरीको पनि सामना गर्नु पर्ने अवस्था आउने छ । यतिवेला पहाडी भेगमा अन्न पाइए पनि त्यसलाई हिमालमा पुराउन इन्धनको अभाव भएको छ । अत्यावश्यक वस्तु आपूर्तिका लागि नेपालले भारतमाथि मात्रै भर पर्नु आत्मघाती हुन्छ भन्ने पाठ अहिलेसम्म पनि नसिक्ने मूर्खताको परिणाम आम नेपालीहरूले भोग्दैछन् । दक्षिण छिमेकी भारतले अहिले मात्रै होइन, वि.सं. २०४५ सालमा पनि नाकाबन्दी गरेको थियो । त्यति बेला नेपाल र भारतबीच पारवहन सन्धिको अवधि सकिएको थियो । तेस्रो मुलुकबाट इन्धन लगायत उपभोग्य सामग्री ल्याउने बाटो औपचारिकरूपमा बन्द गरेको थिएन । तर अहिले त त्यो भन्दा पनि चर्को रुपमा नाकाबन्दी गरिएको छ । भारत सरकारले एकातिर नाकाबन्दी नगरेको स्पष्टीकरण दिइरहेको छ भने अर्कोतिर नाकाहरू खोल्न निर्देशन दिएको प्रचार पनि गरिरहेको छ । यस्ता व्यवहारले भारतीय नियत स्पष्ट भएको छ । अघिल्लो दिन तेल लिन बोलाएर भोलिपल्ट दिन इन्कार गर्नेजस्तो हेपाहा व्यवहार कुनै पनि सभ्य शासन प्रणाली सञ्चालन गर्ने शाषकले गर्दैन । कुनै राष्ट्रसँग यस्तो व्यवहार गर्नु सार्वभौमसत्ता माथिको ठाडो आक्रमण हो । जनताद्वारा निर्वाचित सभासदहरुले अत्यधिक बहुमतबाट संविधान बनाएर अपराध गरेका हैनन् । तर संविधान निर्माण प्रक्रिया छाडेर निर्वाचित सदनलाई सडकबाट दबाब दिनेलाई संसारको सबैभन्दा ठूलो लोकतन्त्र भएको दाबी गर्ने मुलुकले काँध थापेर निर्दोष नेपाली जनतामाथि प्रहार गरेको छ । यस्तो अवस्थामा पनि नेपालले भारतीय हेपाहा प्रवृतिको विरोध गर्दै त्यसको विकल्प खोज्नुपर्नेमा ध्यान दिन सकेको छैन । अव भारतसँग नेपालले सहुलियत खोज्ने होइन, ऊसँग अन्तर्राष्ट्रिय कानुनअनुसार पारवहनको अधिकार माग्नु पर्दछ । अव नेपालले प्राकृतिक न्यायको सिद्धान्तअनुसार वैकल्पिक स्रोत खोज्नु पर्दछ । यसका लागि उत्तरी छिमेकी मुलुक चीनसंग नयाँ सम्झौता गरेर अगाडि बढ्नुको विकल्प छैन् । राष्ट्रिय स्वाभिमान जोगाउन आवश्यक हरेक विकल्प खोज्न ढिला गर्नु हुदैन । त्यसैले तत्काल उत्तरको नाका खोलेर इन्धन ल्याउने र दसैंमा घर जानआउन चाहने नागरिकको इच्छा पूरा गर्न सरकारले ढिला गर्नु हुदैन । सबै शक्ति र साधन प्रयोग गरेर उत्तरी चीनका नाका खोल्न ध्यान केन्द्रित गर्नुको विकल्प छैन । सरकारले छिटो विकल्प खोज्न जरुरी छ । यसमा सरकार, राजनीतिक दलका नेताहरु गम्भीर बन्न आवश्यक छ ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल आश्विन २१ गते बिहीबार, तदनुसार अक्टुवर ८ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३५, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार आश्विनकृष्ण (पितृ) पक्ष चलिरहेको छ । सौरमान अनुसार आज आश्विनकृष्ण (पितृ) पक्षको एकादशी तिथि ३७ घटि २० पला अर्थात रातिमा ८ बजेर ५६ मिनेट सम्म त्यसउप्रान्त द्वादशी तिथि लाग्नेछ । आज सूर्य कन्या राशिमा, चन्द्रमा कर्कट राशिमा अहोरात्र रहनेछ । आज दिनमान २९ घटि १३ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजे रावण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ४१ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : गर्न खोजेको कार्य असफल, मनमा तनाव बढ्नेछ, भ्रमण कठिनपूर्ण रहने, वाथ रोगले सताउने छ सतर्क हुनुहोला ।

वृष : राजनीतिबाट खुशीका खबर प्राप्त, रमाईलो ठाँउमा भ्रमण हुने, आर्थिक क्षेत्रको सोचाईले आम्दानीमा वृद्धि हुनेछ ।

मिथुन : राजनैतिक तनाव हुनेछ, वैवाहिक कार्य असफल हुन सक्ने, नकरात्मक विचारले सताउनेछ, दिन खराव रहेको छ ।

कर्कट : विदेशबाट धन आउन सक्ने, नयाँ जोजगारको अवसर मिल्न सक्ने, पढाइबाट उत्कृष्ट नतिजा प्राप्त ।

सिंह : शारीरिक पीडा थपिने, मानहानी हुन सक्नेछ, आम्दानीका स्रोतहरु घट्ने, विशेष मान्छेबाट धोका हुन सक्नेछ ।

कन्या : साहित्यिक क्षेत्रमा सक्रियता बढ्ने,प्रेमिकासंग भेटघाट, वौद्धिक क्षेत्रबाट लाभ मिल्नेछ, आम्दानी राम्रो रहेछ ।

तुला : छिमेकीसंग कलह चर्किने, व्यापारबाट नोक्सानी, सामाजिक सम्मान पाउनबाट बञ्चित, दिन खराब छ ।

वृश्चिक : शत्रुहरु सक्रिय हुनेछन्, गरेको कामबाट जस नपाइने, काममा अनाश्यक टकराव खेप्नु पर्ने दिन शुभ रहने छैन ।

धनु : व्यारिक कार्य असफल, झगडाको मामिलामा फसिने, स्वास्थ्यमा खरावी, टाढाको भ्रमण नगर्नु वेश हुन सक्छ ।

मकर : सोचेजति काम गर्न असफल, इष्टमित्रको विरोध झेल्नुपर्नेछ, जागिरबाट धोका हुन सक्ने चनाखो हुनुहोला ।

कुम्भ : आफ्नो मान्छे संग भेटघाट, घरमा नयाँ चहलपहल, राजनैतिक क्षेत्रमा मन जानेछ, सामाजिक सहयोग प्राप्त ।

मीन : पत्रकारिता पेशाबाट धोका, धनमाल हराउन वा गुम्न सक्छ, आर्थिक समस्या पर्दा परिवारमा किचलो बढ्नेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

भरतपोखरीका ४३ परिवारलाई बाख्रा प्रदान

पोखरा २० असोज ।(गोल्डेन)

लायन्स क्लब अफ लेखनाथले गरिब तथा विपन्न परिवारको आय आर्जनमा सहयोग पुऱ्याउने उद्देश्यले लेखनाथ नगरपालिका वडा नं. १८ को भरतपोखरीका ४३ घर परिवारलाई बाख्रा पैंचो कार्यक्रम अन्तरगत बाख्रा वितरण गरेको छ । क्लबले वि.सं. २०५८ सालदेखि अघि सारेको बाख्रा पैंचो कार्यक्रम अन्तर्गत बुधबार भरतपोखरीको बरपाण्डे थुमको देउरालीका दुई समुहलाई एक कार्यक्रमका विच ४३घर परिवारका लागि एक एक बटा बाख्रा वितरण गरेको हो । बाख्रा वितरण गर्दै क्लबका जोन चियर पर्सन रमेश बहादुर खत्रीले गरिब तथा विपन्न परिवारका लागि वितरण गरिएका बाखाबाट परिबारको आय आर्जनमा सहयोग पुग्ने र बाख्रा पालनलाई ब्यवसायिक रुपमा अगाडि वढानका लागि सबैमा अनुरोध गरेका थिए । लायन्स क्लब अफ लेखनाथका अध्यक्ष मेजर रामप्रसाद गुरुङको अध्यक्षतामा भएको सो कार्यक्रममा कार्यक्रम संयोजक तथा बाख्रा पौचो कार्यक्रमका परिकल्पनाकार बृटिस भूपू आर्मीका शेरबहादुर गुरुङ, क्लबका द्वितीय उपाध्यक्ष सूर्यनारायण बराल, सचिव बुद्धि बाँस्तोला, एनएलजी वीमा कम्पनीका बजार अधिकृति मनु कार्की,संचारकर्मी भीमपाणि बराल,वडा नं १८का वडा सचिव बुद्धिराज लम्साल र बाख्रा पालन समूहको तर्फबाट ईन्द्र प्रसाद आचार्यले विशेष गरि महिला लक्षित कार्यक्रम अन्तर्गतको बाख्रा पैंचो कार्यक्रम प्रभावकारी र ग्रामीण भेकका गरिब तथा विपन्न परिवारका लागि जीवन उपयोगी भएको धारणा राखेका थिए । क्लबले २२ वटा बाखाबाट सुरु गरेको कार्यक्रम अन्तर्गत अहिले सम्ममा २९ वटा समूह मार्फत पाँच सय ६१ वटा बाख्रा वितरण गरिसकेको छ । यसैवीच ब्लवले किसानहरुलाई वितरण गरेका बाख्राहरु विभिन्न रोग र दैविप्रकोपका कारणले मर्न सक्ने सम्भाव्य खतरालाई मध्यनजर राख्दै पशुवीमा अन्तर्गत बाख्रोको विमा समेत सोही अवसरमा गरिदिएको थियो ।

टुरिजम सिटी लायन्सको लायन्स नाइट तयारी तीव्र

गोल्डेन न्यूज संवाददाता
पोखरा २० असोज ।

लायन्स क्लब अफ लेखनाथले गलायन्स क्लव अफ पोखरा टुरिजम सिटीले पोखरामा आयोजना गर्न लागेको लायन्स नाइट २०७२ को तयारी तीव्र पारिएको छ । सिटीले पोखराका लायन्स क्लवहरुबीच लायन्स नाइटको पूर्वसन्ध्यामा छलफल गरी सुझाव संकलन गरेको छ । यही असोज २६ गते रोयल पाम रिसोर्ट चाउथेमा हुने कार्यक्रमको अहिलेसम्म ७५ प्रतिशत तयारी पूरा भएको कार्यक्रमका प्रचार-प्रसार संयोजक संजय मल्लले बताए । कार्यक्रममा बोल्दै लायन्स क्लव अफ पोखरा सेतीगण्डकीका अध्यक्ष मिलन थापाले लायन्स क्लवहरुबीच यस्ता कार्यक्रमले भाईचारा अभिवृद्धि तथा आत्मियता बढाउनका लागि पुलको काम गर्ने बताइन । उनले जुन उद्देश्यका साथ कार्यक्रम आयोजना गरिएको हो त्यसमा केन्द्रित रहेर कार्यक्रमबारे सफलता पाउन सकिने बताइन । लायन्स क्लव डिष्ट्रिक्ट ३२५ बी १ का ब्लड बैंक स्टाबिलिसमेन्ट चियरपर्सन लायन सोनाम साङपोले गभर्नरको सम्मानका लागि तथा विद्यालय सहयोगका लागि गर्न लागिएको कार्यक्रमको सफलताको शुभकामना दिँदै कार्यक्रममा हुने खर्चलाई सकेसम्म कम गर्न आग्रह गरे ।

लायन्स क्लव अफ पोखरा टुरिजम सिटीका अध्यक्ष लायन प्रदिप कुँवरले समाजमा आफ्नो सामाजीक उत्तरदायित्वलाई वहन गर्दै युवाहरु पनि समाजसेवामा सक्रिय छन् भन्नका लागि कार्यक्रम आयोजना गर्न लागिएको बताए । उनले कार्यक्रमबाट बचेको रकम भूकम्पबाट जीर्ण बनेका कास्कीको एउटा विद्यालय पुनःनिर्माणमा खर्च गरिने बताए ।

कार्यक्रममा लायन्स क्लव अफ पोखरा पिस सोसाइटीका अध्यक्ष रुद्र बहादुर केसी, टुरिजम सिटीका सह-सचिव किसन गिरी, लायन्स क्लव अफ पोखरा आँगनका निवर्तमान अध्यक्ष ममता गुरुङ्ग, लायन्स क्लव अफ पोखरा ब्युटी सिटीका अध्यक्ष चिनु गुरुङ्ग, पोखरा क्लव अफ पोखरा लामाचौरका अध्यक्ष लक्ष्मी क्षेत्री पाण्डे, लायन्स क्लव अफ पोखरा सेन्ट्रल स्टारका द्वितीय उपाध्यक्ष सरोज अधिकारी, लायन्स क्लव अफ पोखरा ग्रिन सिटीका अध्यक्ष प्रकाशसिंह भण्डारी, लायन्स क्लव अफ पोखरा अन्नपूर्णका अध्यक्ष कृष्ण श्रेष्ठ लगायतले बोलेका थिए ।

क्लवका अध्यक्ष प्रदिप कुँवरको अध्यक्षतामा भएको कार्यक्रममा प्रथम उपाध्यक्ष सुदिप पौडेलले स्वागत मन्तव्य राखेका थिए भने सञ्चालन सचिव सञ्जय मल्लले गरेका थिए ।

परीक्षाफल प्रकाशित

काठमाडौं २० असोज ।

उच्च माध्यमिक शिक्षा परिषदले कक्षा १२ को मानविकी, व्यवस्थापन र शिक्षा संकायको नतिजा प्रकाशित बुधबार गरेको छ । गत जेठ असारमा सञ्चालित परीक्षाको बुधबार प्रकाशित नतिजाअनुसार अघिल्लो बर्षको तुलनामा धेरै विद्यार्थीहरु पास भएका छन् । बर्षको तुलनामा यसपटक नियमित तर्फ १ प्रतिशत धेरै विद्यार्थीहरु उत्तीर्ण भएका छन् । यसपटक नियमित तर्फ १ लाख ६१ हजार ४ सय ५८ विद्यार्थीहरु परीक्षामा सहभागी भएका थिए । तिमध्ये ६४ हजार ५ सय ६७ जना उत्तीर्ण भएका छन् । गत बर्ष नियमित तर्फ ३९ प्रतिशत विद्यार्थी उत्तीर्ण भएकोमा यसपटक ४० प्रतिशत विद्यार्थीहरु उत्तीर्ण भएका परीक्षा नियन्त्रक सन्तोषकुमार अर्यालले जानकारी दिए । नियमिततर्फ १ सय २१ जनाको परीक्षा रद्द गरिएको छ भने २ जनाको स्थगित गरिएको छ । यस्तै आंशिक तर्फ १ लाख २९ हजार ८ विद्यार्थीहरुमध्ये ४१ हजार ९ सय २६ जना उत्तीर्ण भएका छन् । गत बर्ष आंशिकतर्फ ३० प्रतिशत विद्यार्थीहरु उत्तीर्ण भएकोमा यसपटक ३२ दशमवल ४९ प्रतिशत विद्यार्थीहरु उत्तीर्ण भएको परीक्षा नियन्त्रक अर्यालले जानकारी दिए ।

नागरिक अधिकार ख्याल गर्न माग

गोल्डेन न्यूज संवाददाता
पोखरा २० असोज ।

नेपाल निर्माण व्यवसायी संघ कास्कीले नागरिकले शान्तिपूर्ण तरिकाले जिउन पाउने स्थितिको सृजना गर्न सरकार तथा आन्दोलनरत पक्षसँग माग गरेको छ । संघका कार्यवाहक अध्यक्ष बासुदेव गौचनद्वारा बुधबार जारी विज्ञप्तिमा तराईमा २ महिनादेखि जारी आन्दोलनको कारण देखाई भारतले लगाएको अघोषित नाकावन्दीले पेट्रोलियम तथा अन्य अत्यावश्यक निर्माण सामाग्रीको अभावमा देशमा संचालित साना ठूला सवै आयोजना वन्द हुँदा त्यसमा आश्रित लाखौं मजदुर, कर्मचारी वेरोजगार भएको उल्लेख गरिएको छ ।

यो स्थिति लम्बिएमा देशमा हाहाकार, भोकमरी तथा बेरोजगारी भई देश जटिल मोडमा पुग्ने र देश विकास निर्माण कार्यमा सयौं बर्ष पछाडि धकेलिने निश्चित भएको हुँदा आन्दोलनरत पक्षका जायज मागहरुलाई सम्वोधन गरि देशमा देखिएको असहजतालाई अन्त्य गरि सहज वातावरण वनाउ माग गरिएको छ । संविधान घोषणपछि देश शान्ति, समृद्धि र प्रगती तर्फ उन्मुख हुने देशवासीको आशा विपरित देशमा असहज स्थिति उत्पन्न भएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

सार्वजनिक सूचना

यस ले.न.पा वडा नं. १२, बस्ने कमलापति अधिकारीको छोरा/श्रीमती बुद्धि अधिकारीको नाममा रहेको साविक शिशुवा-८ को कित्ता नं. २६३८ समेत क्षेत्रफल ०-५-१-३ को जग्गामा घर नक्सा पास गर्नुपर्ने भएको तर उत्तरसधियारा फेला नपरेकोले कोही कसैलाई बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछौं ।

कि.नं.	पूर्व	पश्चिम	उत्तर	दक्षिण
२६३८	२५४८	बाटो	२६३९	१८२३

सम्पर्क : लेनपा कार्यालय वा फोन : ०६१-५६०३८०

खुशीको खबर !

के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi को **Spark, Middle East, Star** र **Al Jaber Coin** दुवई र कतारको **Grup-4 Security** कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :- अन्तर्वार्ता धमाधम भइरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराइने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्की : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७

ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४

शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।

(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- शिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

महिला सम्वन्धि समस्या
महिनामारी नडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोनी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

पार्लर विक्रीमा

पोखराको विन्ध्यवासिनी स्थित अत्यन्त चालु अवस्थामा रहेको एक व्युटी पार्लर विशेष कारणवश विक्रीमा रहेको छ । ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क:
९८४६११५२३७
९८१७१११४०४

अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर

१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलव्ध गराइने ।
८. विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलव्ध गराइने ।

आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.
सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर) ९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

जीवन के.सी.



मो. ९८५६०-३८०६६
९८०६६-४०६८५

पञ्चमुखी लक्ष्मी सप्लायर्स

हवेलीमार्ग, काजीपोखरी
पोखरा-१८
विवाह, ब्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् ।

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

Study in Japan

Intake for January & April-2016
City of your choice
Tokyo | Chiba | Nagoya | Fukuoko | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...

& China
Dalian | Nantong

1. SLC मा उर्तिणले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकिने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students

Free Processing for Master, Bachelor & +2 First Divison Students*

Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

पोखरामा पहिलो पटक

यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुवैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाइ ठिक पार्न, सन्धी सुधा पेननिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

हार्दिक बधाई एवं शुभकामना

श्री राजीव पहारीज्यूलाई

श्री राजीव पहारीज्यू

हाम्रा प्रिय भाइ, युवा नेता श्री राजीव पहारीज्यू युवा संघ नेपालको गरिमामय अध्यक्ष पदमा सर्वसम्मत निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको सफलतम् कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

योगेन्द्र प्रधान	विनोद कायस्थ
डम्बर बहादुर श्रेष्ठ	ऋषिराम सापकोटा
गजकुमारी गुरुङ	डा. माया लामा
डा. कर्णवीर पौडेल	धन प्रसाद चापागाइँ

पृथ्वी रुपा माविमा नयाँ भवन बनाउँदै फिस्टेल रोटरी

गोल्डेन न्यूज संवाददाता
पोखरा २० असोज ।

रोटरी क्लव अफ पोखरा फिस्टेलले कास्की रुपाकोट स्थित पृथ्वी रुपा माविको भवन निर्माणका एक भव्य समारोहका बीच शिलान्यास सम्पन्न गरेको छ । गत वैशाख १२ गते गएको विनासकारी भुकम्प वाट क्षति भएको सो विद्यालयलाई रोटरी फिस्टेलले पुनर्निर्माणका लागि ७० लाख दिने भएपछि विद्यालयले नयाँ स्वरुप पाउने भएको छ ।

शिलान्यास समारोहलाई सम्वोधन गर्दै रोटरी क्लव ३२९२ का डाइरेक्टर केशव कुँवरले सामाजिक क्षेत्रमा रोटरीले उल्लेखनीय कार्य गरिरहेको गरिरहेको वताए । उनले भूकम्पवाट प्रभावित हरुका लागि अब छिट्टै नै २० करोड भन्दा वढिको लागतमा १ हजार घर र १४० विद्यालय निर्माण गरिने घोषणा गरे । उनले विद्यालय निर्माणका लगि व्यक्तिगत २५ हजार रुपैयाँ दिने घोषणा गर्दै पृथ्वी रुपा मावी सवै रोटरियनहरुको उपहारको रुपमा स्थापित हुने बताए । क्लवका अध्यक्ष तेज गुरुङ्गले रुपाकोट गाविसलाई रोटरी सामुदायिक ग्रामको रुपमा विकास गरिने बताए । उनले रुपकोटमा लघु वित्त, मातृत्व विकास लगायतका कार्यक्रमहरु संचालन गरि निम्न आय श्रोत भएका जनताको जीवनस्तर माथी उठाउन रोटरी फिस्टेलले थप कार्यक्रमहरु समेत संचालन गरिने जानकारी दिंदै विद्यालयको निर्माणमा एकजुट हुन सवैलाई आग्रह गरे । सोअवसरमा विद्यालयका प्रअ जगत लामिछाने, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भद्रवहादुर सुयँल, केशव आचार्य, विनोद कोइराला, रमाकान्त बराल, प्रकाश वराल लगायतले वोलेका थिए । सोअवसरमा रोटरी फिस्टेलले सोहि विद्यालयमा अध्ययनरत निम्न आय भएका पाँच जना विद्यार्थीहरुलाई फिस्टेल फण्ड वाट नगद ७ हजारका दरले छात्रवृत्ति प्रदान गरेको छ । यसरी छात्रवृत्ति पाउनेमा सुभेच्छा गुरुङ्ग, निशा वस्नेत क्षितिज विक, सरिता सुविदा र सूचना खडका रहेका छन । सो अवसरमा विद्यालय निर्माणका लागि पूर्व गाविस अध्यक्ष टिकाराम पगेनीले आफ्ना वुवा सोमलाल पगेनीको स्मृतिमा विद्यालय निर्माणका लागि १५ हजार प्रदान गरे । कार्यक्रममा विद्यालय निर्माणमा सहयोग पुर्‍याउन मेश्वर ढकालले २५ हजार राम शरण सापकोटाले २० हजार ५ सय तारानाथ आचार्यले १५ हजार र थिरवहादुर विकले ५ हजार रुपैयाँ सहयोग गरे । २०४२ सालमा निर्माण भएको उक्त विद्यालय गत वैशाख १२ गतेको भूकम्पका कारण पूर्ण रुपमा क्षति भएको थियो । दुई तलाको ६ कोठा र शौचालय सहित भवन निर्माण गर्न लागिएको क्लवका प्रोजेक्ट म्यानेजर वावुराम पाठकले वताए । उक्त विद्यालय आगामी शैक्षिक सत्रमा सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

विन्ध्यवासिनीमा नवदुर्गा महोत्वको तयारी

गोल्डेन न्यूज संवाददाता
पोखरा २० असोज ।

नेपालीहरुको महान् चाड बडादशैको अबसरमा पोखराको प्रसिद्ध धार्मिक स्थल बिन्ध्यबासिनी मन्दिरमा नवदुर्गा महोत्सव हुने भएको छ । नवरान्त्रीको नौ दिन सम्म चल्ने महोत्सबको तयारी अन्तिम चरणमा पुगेको आयोजक बिन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिले बुधवार पत्रकार सम्मेलन मार्फत जानकारी दियो । नबदुर्गा महोत्सब अन्तर्गत असोज २६ गते घटस्थापनाको दिन देखि महानवमीको दिनसम्म दैनिक भागवत कथा बाचन हुने बिन्ध्यबासिनी धार्मिक क्षेत्रविकास समितिका सचिव तीर्थ श्रेष्ठले जानकारी दिए । महोत्सब सुरुवातको अबसरमा घटस्थापना को दिन बृहत शोभायात्रा निकालिने उनले बताए । विन्ध्यवसिनी मन्दिर परिसरबाट सुरु हुने शोभायात्रा मोहरियाटोल, भैरवटोल, भिमसेन टोल, नालाको मुख, तेर्सापट्टी, महेन्द्रपुल, चिप्लेढुङ्गा, सिद्धार्थचोक, रामकृष्णटोल हुदै पुन मन्दिरमा पुगेर समापन हुनेछ । शोभायात्रामा नबदुर्गाको ९ रुपको झाकी , एक सय आठ कलश, बिन्ध्यबासिनी मन्दिरको झाँकी, बिभिन्न भजन समुह, जातीय भेषभूषा, सांस्कृतिक झाकीहरु, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल स्काउट, आमा समूह तथा धार्मिक, सामाजिक, शैक्षिक संघ-संस्थाहरुको सहभागिता रहने समितिले जनाएको छ । महोत्सवका लागि समितिका अध्यक्ष गणेश बहादुर श्रेष्ठको अध्यक्षमा मुल समारोह समिति गठन गरिएको छ । संस्कृतिको संरक्षण संगै धार्मिक पर्यटन प्रबर्द्धनका लागि बिन्ध्यबासिनी धार्मिक क्षेत्र विकास समितिले प्रत्येक बर्ष नवदूर्गा महोत्सब गर्दै आएको छ । महोत्सब अवधिभर करिब डेढ लाख दर्शनार्थी भित्र्याउने लक्ष्य राखिएको छ । ३ सय बर्षको ईतिहास बोकेको बिध्याबासिनी मन्दिरमा कास्की संगै यस आसपासका जिल्लाहरु तनहु, लमजुङ, स्याङजा ,पर्वत लगायत काठमाडौं तथा छिमेकी मुलुक भारतबाट समेत दर्शनार्थीहरु आउने गरेका छन् ।

विद्यार्थीहरुलाई पोशाक तथा भौतिक सामाग्री

गोल्डेन न्यूज संवाददाता
पोखरा २० असोज ।

असल छिमेकी सहयोग संघ (गोनेसा) पोखराले विद्यार्थी भर्ना सहयोग कार्यक्रम अन्तर्गत बुधबार विद्यार्थीहरुलाई पोशाक तथा भौतिक सामाग्री वितरण गरेको छ । भिष्पे इटलीको सहयोगमा छोरेपाटन उच्च मावि र जानकी निमाविका १ सय २२ जना कठित तथा विपन्न वर्गका विद्यार्थीहरुलाई स्कुल ड्रेस, स्वीटर, कपी कलम वितरण गरेको हो । कार्यक्रमका प्रमुख अतिथि भिष्पे इटलीका अध्यक्ष अगस्तीनो फेडेलीले सक्षम व्यक्ति बन्नका लागि शिक्षा आवश्यक भएको बताए । मानवका लागि पहिलो कुरा शिक्षा भएको उल्लेख गर्दै उनले अध्ययन पुरा गरे राष्ट्रको उच्च ओहदामा पुग्न सकिने बताए । आफू किसानको छोरो भएको र अहिले पनि कृषि पेशा अंगालेर छोराछोरीहरुलाई डाक्टर इन्जिनियर बनाएको जानकारी दिंदै उनले अध्ययनलाई पुरा गर्न सके गरिब तथा विपन्न वर्गका मानिस पनि उच्च जनशक्ति बन्न सक्ने धारणा राखे । कार्यक्रममा भिष्पे इटालीका प्रतिनिधि डा.पार्लेजी सुसानेले गोनेसाका बालबालिकालाई बाल विकास केन्द्रदेखी नै आफूले स्वास्थउपचारको सेवा पुर्‍याएको जानकारी दिए । गोनेसाका अध्यक्ष मे.दिलबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा महासचिव रामप्रसाद सुवेदीले विद्यार्थीलाई उचित शिक्षादीक्षा दिने पहिलो दायित्व अभिभावकको भएको बताए । कार्यक्रममा भिष्पे इटालीका प्रतिनिधि डा.अल्ब्रेटो आन्देवली, गोनेसाका उपाध्यक्ष सिता परियार, कार्यसमिति सदस्य किरण गौतम, कार्यक्रम संयोजक कमला रिमालले पोशाक तथा शैक्षिक सामाग्री वितरण गरेका थिए ।

गण्डकी अटो मेकानिकलमा रक्तदानमा २९ युनिट

गोल्डेन न्यूज संवाददाता
पोखरा २० असोज ।

गण्डकी अटो मेकानिकल वर्क्स एशोसिएशनको २२ औं वार्षिकोत्सव का अवसरमा खुल्ला रक्तदान सम्पन्न गरेको छ । वार्षिक रुपमा गरिदैं आएको रक्तदान २९ जनाले रक्तदान गरेका थिए । सो कार्यक्रममा प्रमुख अतिथि मणिपाल शिक्षण अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट पिके चक्रवर्तीले ५२ औं पटक रक्तदान गर्ने जितेन्द्रमान शाक्य र ४७औं पटक रक्तदान गर्ने कृष्ण थापालाई ब्लड ब्याग हस्तान्तरण गर्दै मनिपाल शिक्षण अस्पतालले वर्क्स मिस्त्रीहरुको लागि स्वास्थ्य सेवा विशेष सहयोग गर्ने बताए । पोखरामा दैनिक ७० देखि ८० प्वाइन्ट रगत आवश्यक रहेको पोखरा केन्द्रबाट गण्डकी धौलागिरीका विभिन्न अस्पतालहरु मा रगत जाने हुँदा संघसंस्थाहरुले पुर्‍याएको योगदान महत्वपूर्ण रहेको केन्द्रका प्राविधिक माधव पोखरेलले

बताए । एशोसिएशनका कार्य समिति सदस्य रतन बहादुर थापाले छोराको वार्षिक पुण्यतिथि को सन्दर्भमा सम्पूर्ण कार्यक्रम व्यवस्थापन खर्च गरेका थिए । एशोसिएशनका अध्यक्ष कुलबहादुर नेपालीको सभापतित्वमा भएको कार्यक्रममा अटोमेकानिक्स महासंघका उपाध्यक्ष सुवर्णमान नकर्मी, पूर्व अध्यक्ष सनत कुमार भट्टराई, पोखरा उद्योग बाणिज्य महासंघका महासचिव रविनसन प्रजू, युवा नागरिक अगुवा धिरज थापा, रेडक्रस कर्मी तथा एशोसिएशनका मानार्थ सदस्य सूर्यप्रसाद ढकाल, बरिष्ठ उपाध्यक्ष रमेश कुमार श्रेष्ठ, आकस्मिक रक्तदान समूहका संयोजक हरिश्चन्द्र शर्मा, महासचिव किरण कपाली, कोषाध्यक्ष सन्तोष कुमार मिश्र, कार्यक्रम संयोजक रतन बहादुर थापाले आ-आफ्नो धारणा राखेका थिए ।

सहारा क्लवमा सल्लाहकार नियुक्त

गोल्डेन न्यूज संवाददाता
पोखरा २० असोज ।

सहारा क्लब पोखराको नव गठित कार्यकारिणी समितिले सल्लाहकार नियुक्त गरेको छ । क्लबका अध्यक्ष वीरभद्र आचार्यको अध्यक्षतामा बसेको बैठकले पूर्व अध्यक्ष विक्रम थकाली सल्लाहकार परिषदको सभापति रहने गरी अन्य सल्लाहकार सदस्यहरुमा वरिष्ठ फुटबल प्रशिक्षक कृष्ण थापा, वरिष्ठ पत्रकार नारायण कार्कीले चयन भएका छन् । त्यसै गरि एन्फा कास्कीका पूर्व अध्यक्ष खेम बहादुर गुरुङ्ग, वरिष्ठ अधिवक्ता कृष्ण बहादुर थापा, एन्फाका केन्द्रीय उप-महासचिव एंव पर्यटन व्यवसायी गणेश बहादुर भट्टराई, स्वास्थ्यकर्मी डा. नारायण गौतम, एन आर एन यूकेका अध्यक्ष मुछेत्र गुरुङ्ग, नेपाल ओलम्पिक कमिटीका केन्द्रिय सदस्य तेज बहादुर गुरुङ्ग, शिक्षाप्रेमी शम्भु कार्की, समाजसेवी एंव काष्ठ व्यवसायी टिका बहादुर कार्की, पूर्व राष्ट्रिय फुटबल खेलाडी केशव रन्जित (आन्नद) सल्लाहकार सदस्य पदमा नियुक्त भएका हुन् । त्यस्तै गरी सल्लाहकार संस्थाको रुपमा सहारा यू.के.का अध्यक्ष, सहारा हङकङ्गका अध्यक्ष, र पृथ्वी राजमार्ग बस व्यवसायी समितिका अध्यक्ष संस्थागत सल्लाहकार चयन गरिएको सहारा क्लब पोखराका महासचिब केशवराज बरालले जानकारी दिए ।

पक्षे अस्पताल परिसरमा अनेरास्ववियुद्वारा सफाई

गोल्डेन न्यूज संवाददाता
पोखरा २० असोज ।

अनेरास्वविवु भुगोल जिल्ला कमिटी कास्कीले हाम्रो अभिभारा स्वच्छ पोखरा भन्ने नारालाई उद्घोष गर्दै पश्चिमाञ्चल क्षेत्रीय अस्पताल परिसरमा सरसफाई गरेको छ । अध्यक्ष शेखर गौतमको अध्यक्षतामा २ सय जनाको सहभागीतामा वृहत सरसफाई गरिएको हो । नेकपा एमाले जिल्ला कमिटी कास्कीका कार्यवाहक अध्यक्ष मन बहादुर गुरुङ्गले देश संकटमा परेको बेला पेट्रोलियम पदार्थको अभाव भएको बेलामा अनेरास्वावियुले सुन्दर पोखरा धुवाँ, धुलो, कोलाल, सामाजिक विकृति, फोहरमैला दुर्गन्धीत भएको वेलामा सरसफाई गरेको बताए । अनेरास्वावियुले पोखरेलीलाई सन्देश दिएको उल्लेख गर्दै उनले अनेरास्वावियुले सधैं रचनात्मक काम लिएर अगाडि बढ्नुपर्ने बताए ।

कार्यक्रममा जिल्ला सचिव दामोदर बैरागी, सह-सचिव प्रभा कोईराला, नगर संयोजक तेजनारायण अधिकारी, पूर्व जिल्ला सचिवालय सदस्य गजकुमारी गुरुङ्ग क्षेत्र नं.२ का अध्यक्ष जीवन आचार्य, जिल्ला सदस्य गंगा कुवँर, प्रेम नेपाली, लक्ष्मी नारायण अधिकारी पश्चिमाञ्चल क्षेत्रीय अस्पतालका निमित्त मेडिकल सुपरीटेन्डेन्ट वसन्त ताम्राकार, जिफन्ट कास्कीका रुद्र प्रसाद तिमिल्सेना, अनेरास्वविवु केन्द्रीय सदस्य हरिवोल गौतम, पूर्व जिल्ला अध्यक्ष अर्जुन अधिकारी, गण्डकी अञ्चल सचिव भरतमान कोने, युवा संघ कास्कीका अध्यक्ष विष्णु पुन, अनेरास्वविवु जिल्ला उपाध्यक्ष लक्ष्मण तिमिल्सेना, सह-सचिव संजय पौडेल, कोषाध्यक्ष सन्तोष अधिकारी लगायतको सहभागिता भएको अनेरास्वविवु कास्कीका सचिव राजेन्द्र बसौलाले जानकारी दिए । कार्यक्रममा चियापानको व्यवस्था तीर्थ श्रेष्ठले गरेका थिए ।

पोखरामा...

बिक्री हुने गर्छ । समान्य अवस्थामा प्रत्येक दिन २५ देखि ३० लाख लिटरसम्म पेट्रोलियम पदार्थ आइओसीको रक्सौल डिपोबाट अमलेखगन्ज डिपो आउने गरेको थियो । बिगत १६ दिनदेखि १ लिटर पनि भित्रिएको छैन ।

तराई मधेस आन्दोलनको क्रममा कोटाभन्दा कम पेट्रोलियम पदार्थ सुरक्षाकर्मीको स्कर्टिङमा आयात हुँदै आएको थियो । बाँकी ट्याकंरहरु पनि पेट्रोलियम पदार्थ ल्याउने आसामा रक्सौल पुगेका र ट्यांकर भर्न नपाएपछि फर्किएर अहिले अमलेखगञ्जमा रहेका छन् । अमलेखगञ्जमा पनि पोखराका ८ वटा ट्यांकर रहेको ठाकुरले बताए । हाम्रा सबैजसो ट्यांकरहरु उतै छन, उनी भन्छन्-'वितरण गर्ने संकेत पाउने वित्तिकै हामी पठाउँछौं ।' अब भने केन्द्रको निर्देशन र निर्णय अनुसार अगाडि बढ्ने ठाकुरले बताए । रक्सौलबाट दैनिक जसो ३ लाख लिटर डिजल तथा पेट्रोल पोखरा भित्रिन्छ । नेपालमा खपत हुने पेट्रोलियम पदार्थको ६५ प्रतिशतभन्दा बढी ढुवानी रक्सौल डिपोबाटै हुन्छ । अमलेखगन्जबाट रक्सौल डिपोको दुरी ४५ किलोमिटर छ । यो नाकाबाट पेट्रोलियम पदार्थ आयात गर्दा सजिलो र कम खर्चिलो हुने निगमका अधिकारी बताउँछन् । त्यसैले पोखराले पनि यही डिपोबाट पेट्रोलियम पदार्थको आयात गर्ने गर्छ । आइओसीले पेट्रोलियम पदार्थ नदिएपछि ढुवानी गर्ने ट्यांकर व्यवसायी र चालक, सहचालकसमेत बेरोजगार भएका छन् । ईन्धन सकिएपछि पोखरामा सवारी चाप शून्य जस्तै भएको छ । अलिअलि गुडेका भाडाका सवारीमा यात्रुहरु कोचाकोच गरेर यात्रा गर्न बाध्य छन् । करिव चार हजार ट्याक्सी गुड्ने पोखरामा आधा भन्दा वढि ईन्धन सकिएर थन्किएका छन् भने चलेकाले पनि बढी रकम लिन थालेपछि यात्रुहरुले यात्रा गर्नै छाडिसकेका ट्याक्सी व्यवसायी समितिका प्रथम उपाध्यक्ष प्रकाशमणि तिवारीले वताए ।

गण्डकीमा करिव १ लाख मोटरसाईकल तथा कार, बस, ट्रक गरेर १० हजारभन्दा बढि सवारी रहेको अञ्चल यातायात व्यवस्था कार्यालय गण्डकीका प्रमुख भरतराज पौडेलले जानकारी दिए । यी मध्ये अहिले ७० प्रतिशत भन्दा बढी थन्किसकेका छन् । भारतीय भन्सारले मालवाहक ट्रक नेपाल प्रवेशमा रोक लगाएपछि गण्डकी र धौलागिरीका ५१ वटा पेट्रोल पम्पमा ताल्चा मारिएको गन्थन डटकममा खबर छ । ढुवानी व्यवसायी समिति नेपालका केन्द्रिय उपाध्यक्ष कपिल अधिकारीले भारतवाट आयात नहुँदासम्म अभाव भईरहने वताए । पोखरामा पेट्रोलियम पदार्थको अभावले जनजीवन अस्तव्यस्त भएको छ । एलपी ग्याँस, पेट्रोल, डिजेल र मट्टितेल नहुँदा खाना पकाउन, आउजाउ गर्न र व्यवसायिक काम पूर्ण रुपमा प्रभावित बन्न पुगेको छ ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अब अनलाइन मा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on :
www.goldennews.com.np



सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा